# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दाङ, घोराही उपमहानगरपालिका स्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति प्रा.डा. संगिता सिंह भण्डारीसमेतले CT Scan मेसिन कम गुणस्तरको खरिद गरी आर्थिक अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकूलपति **प्रा.डा. संगिता सिंह भण्डारी**, का.मु. रजिष्ट्रार **कैलाश प्रसाद देव**, निर्देशक डा. **सागर पन्थी**, रेडियोलोजी विभागका प्रमुख **डा. बोम वि.सी.**, बोयोमेडिकल इन्जिनियर **शरद भण्डारी**, बोयोमेडिकल इन्जिनियर **आशुतोष भण्डारी**, कन्सल्टेन्ट बोयोमेडिकल इन्जिनियर **अमित कुमार चौधरी**, लेक्चरर **डा. श्रीसिया पोखरेल**, शाखा अधिकृतहरू **झन्कार लामिछाने**, **लीला कुमारी देवकोटा** र **मेघ बहादुर अधिकारी**, आई.टी. अफिसर **हिरालाल भण्डारी**, लेखा अधिकृत **राजीब बस्नेत**, फार्मेसी सुपरभाइजर **कृष्ण प्रसाद जोशी**, स्टाफ नर्स **विन्दु पौडेल**, फिजियोथेरापिष्ट **पूजा ठाकुर**, कम्प्यूटर असिस्टेन्ट **सतिश बहादुर शाह**, हिमालयन मेडिटेक प्रा.लि. तथा उक्त कम्पनीका मुख्य भई कार्य गर्ने **अमर श्रेष्ठ** र **सन्जु राजकर्णिकार**समेतको आपसी मिलोमतो तथा योजनामा राष्ट्रसेवक प्रतिवादीहरूले आ-आफ्नो पद ओहदाको दुरूपयोग गरी गराई आफू तथा अन्य प्रतिवादीहरूसमेतलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हानी पुर्‍याउने बदनियतले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि 128 Slice CT Scan Machine खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३, नियम ७ लगायतको प्रचलित कानुन बमोजिमको **खरिद आवश्यकताको पहिचान एवं खरिद गुरूयोजना नै नबनाई बनाउन नलगाउने लगायतको खरिद कारबाहीको तयारी नगरी नगराई** खरिद कार्य अगाडि बढाएको, उक्त 128 Slice CT Scan Machine खरिद गर्ने प्रयोजनको लागि प्राविधिक स्पेसिफिकेशन तयार गरी लागत अनुमान तयार गर्न गराउन Global Meditech Int’l Pvt.Ltd, RB Merchant र Hospitec Interprises Pvt.Ltd. सँग दरभाउ (कोटेशन) माग गरी रू.९,२२,६९,१३९।१७ लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाएको देखिएको, खरिदको लागि मिति २०७६।१०।२८ (February 11, 2020) गते गोरखापत्रमा IFB No: RAHS/NCB/HE/07/076/077 बाट Supply, Delivery and Installation of CT Scan Machine को लागि राष्ट्रियस्तरको बोलपत्र आह्वान(NCB) गरे गराएको, राष्ट्रियस्तरको बोलपत्र (NCB) मार्फत आह्वान गरेको Supply, Delivery and Installation of CT Scan Machine, IFB No: RAHS/NCB/HE/07/076/077 सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को देहाय (ख) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रकाशन गरेको नमूना बोलपत्र सम्बन्धी कागजातको प्रतिकूल हुने गरी अन्तर्राष्ट्रियस्तरको बोलपत्र (ICB) को लागि समावेश गर्नुपर्ने समेतका कागजातहरू प्रयोग प्रचलनमा ल्याए ल्याउन लगाएको देखिएको, सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ५२ को प्रतिकूल हुने गरी वदनियत राखी सरोकारवाला बोलपत्रदाताहरूसमेतको उपस्थिति बिना मिति २०७६।११।१९ (March 02, 2020) गतेको बोलपत्र खोल्नु पूर्वको बैठकबाट प्राविधिक स्पेसिफिकेशनमा संशोधन गरे गराएको देखिएकोमा उक्त संशोधन पश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क.

बमोजिम लागत अनुमानमासमेत संशोधन गर्न गराउन पर्नेमा उक्त कानूनी प्रावधान अनुसारको कार्य भए गरेको नदेखिएको, साथै, **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क. को उपनियम (४)** समेतको प्रतिकूल हुने गरी काबु बाहिरको विशेष परिस्थिति सृजना नभए नरहेको अवस्थामासमेत पहिले नै स्वीकृत भइसकेको प्राविधिक स्पेसिफिकेशन कानुनले निर्धारण गरेको शर्त र अवस्था विना नै संशोधन गरे गराएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१, नियम ६२ र नियम १४७ समेतका कानूनी प्रावधान बमोजिम बोलपत्र प्राविधिक मूल्याङ्कन नगरी नगराई सोझै रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेडियोलोजी विभागका प्रमुख डा. बोम वि.सी., बायोमेडिकल इन्जिनियर शरद भण्डारी, बायोमेडिकल ईन्जिनियर आशुतोष भण्डारी र बायोमेडिकल इन्जिनियर (कन्सल्टेन्ट) अमित कुमार चौधरीबाट मिति २०७६।१२।३०(April 12, 2020) गते 128 Slice CT Scan Machine को प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई पेस गरे गराएको उक्त प्राविधिक मूल्याङ्कन गर्दा गराउँदासमेत सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) प्रतिकूल हुने गरी बदनियत राखी Latest iterative reconstruction technique to reduce noise and reduce radiation dose should be quoted as standard. The image reconstruction rate should be at least 60 images/sec. Latest iterative reconstruction technique like SAFFIRE, ASIR V, ADIR 3D. हुनुपर्ने भनी स्पेसिफिकेशनको बुँदा नं. २.६.५ मा उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को Catalog मा 40 images/sec हुँदासमेत 60 images/sec छ भनी Comply गरेको देखिएको, यसैगरी Peak heat dissipation rate of anode should be equal to or more than 1300KHU/min हुनुपर्ने भनी स्पेसिफिकेशनको बुँदा नं. ३.४.२ मा उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को Catalog मा 931KHU/min हुँदासमेत 1550 KHU/min छ भनी Comply गरेको देखिएको, Image Processor: Operating System shall be windows based. The image reconstruction time should be at least 60images/second or better for all types of acquisition modes including studies and 512 matrix and standard pitch हुनुपर्ने भनी स्पेसिफिकेशनको बुँदा नं. ३.६.६ मा उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को catalog मा 40 images/sec हुँदासमेत 60 images/sec छ भनी Comply गरेको, साथै रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको Supply, Delivery and Installlation of CT Scan Machine (IFB No.: RAHS/NCB/HE/07/076/077) को प्राविधिक स्पेसिफिकेशनमा CE marked and US-FDA approved हुनुपर्नेमा US-FDA of this product was on recall हुँदासमेत Yes Comply उल्लेख गरी प्रतिवेदन पेस गरे गराएको देखिएको, खरिद प्रक्रियामा संलग्न हिमालयन मेडिटेक प्रा.लि. प्राविधिक मूल्याङ्कनमा अनुतिर्ण/असफल भएको देखिएकोबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम हिमालयन मेडिटेक प्रा.लि.को अनुतिर्ण/असफल गर्नु गराउनु पर्ने अवस्थामासमेत प्रतिवादीहरूले मूल्याङ्कनको क्रममा Not Comply भएको बुँदाहरूसमेत Comply भएको उल्लेख गरी गराई हिमालयन मेडिटेक प्रा.लि.लाई उतिर्ण/सफल गरे गराएको, साथै उक्त प्राविधिक प्रतिवेदन पेस गर्न खरिद मूल्याङ्कन समितिका संयोजक श्रीसीया पोखेलले मिति २०७६।१२।१० गते ७ दिनको समयावधी दिएकोमा २० दिन पछि गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेस गरी गराई उक्त गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदनसमेतलाई आधार लिई खरिद मूल्याङ्कन समितिका राष्ट्रसेवक पदाधिकारीहरूले हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको कबोल अङ्क रू. ७,२५,२४,०३०।- (सात करोड पच्चीस लाख चौवीस हजार तीस रूपैयाँ) लाई सारभूत रूपमा न्यूनतम र प्राविधिक रूपमा प्रभावकारी देखिएको आधार लिई छनौट गरी अमेरिकी डलर ६,१३,००.०० राखी आशयपत्र प्रकाशन गरे गराएको देखिएको।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिमको Standard Bidding Document र सोही ऐनको दफा ५२ लगायतको प्रचलित कानुनको प्रतिकूल हुने गरी राष्ट्रियस्तरको बोलपत्र(NCB) खरिद प्रक्रियामा हिमालयन मेडिटेक प्रा.लि.सँग **अमेरिकी डलरमा (USD)** सम्झौता गरी गराई उत्पादक कम्पनी (Manufacture company) Neusoft Medical Systems Co.Ltd. ले पेस गरेको Proforma-Invoice को आधारमा Neusoft Medical Systems Co.Ltd. को नाममा प्रतितपत्र (Letter Of Credit) खोल्ने निर्णय गरे गराएको साथै, उक्त प्रतितपत्र (Letter of Credit) को लागि हुने खर्चसमेत प्रतिष्ठानले नै बेहोर्ने र भुक्तानी विनिमय दर **अमेरिकी डलरमा (USD)** हुने गरी निर्णय गरे गराएको, राष्ट्रियस्तरको बोलपत्र (NCB) मा आपूर्तिकर्ता हिमालयन मेडिटेक प्रा.लि.सँग **अमेरिकी डलरमा (USD)** सम्झौता गरी गराई उत्पादक कम्पनी Neusoft Medical Systems Co.Ltd. को नाममा अमेरिकी डलर(USD) मा प्रतितपत्र (Letter of Credit) खोल्ने निर्णय गरेकोमा 1USD=Rs. 118.00 विनियम दर राखी ८०% रकम भुक्तानी गरे गराएको देखिएको, भन्सार प्रज्ञापन पत्र नं. M17766 अनुसार उत्पादक कम्पनी Neusoft Medical Systems Co. Ltd., China ले निर्यात गरेको NeuViz 128 Slice CT Scan Machine को भन्सार महशुल रू.७,२०,८२७।—दाखिला गरी रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आयात गरेको देखिएको, उक्त मेसिनको प्रविधिक परीक्षण र Certificate of Acceptance नै जारी नगरी नगराई मिति २०७७।०९।२३ (January 7, 2021) गते बाँकी रहेको २० प्रतिशत रकम अर्थात यु.एस.डी. १,२२,६००।— (विनियम दर रू.११७.६० का दरले हुन आउने नेपाली रूपैंया रू.१,४४,१७,७६०।००) भुक्तानी गरेको देखिएको, रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानले लक्ष्मी सनराइज बैंक लिमिटेडमा खोलेको प्रतितपत्र नं. 097LCNI20060003 सम्बन्धमा प्रतिष्ठानले जारी गर्दाको कमिशन रू.१,४८,७१३।८०, स्वीफट चार्ज रू.२५००।-, तथा प्रति प्रतितपत्र संशोधन शुल्क रू.१४,४८५।१९, तथा प्रतितपत्र संशोधनको स्वीफ्ट चार्ज रू.१५००।- रहेको र प्रतितपत्र भुक्तान गर्दा भुक्तानी बैंकले लिएको शूल्कहरूमा रू.४०००।- र प्रतितपत्र भुक्तानीको स्वीफ्ट चार्ज रू.६०००।- गरी जम्मा रू.१,७७,१९८।९९ भुक्तानी दिए दिन लगाएको देखिएको, यसरी CT Scan Machine खरिद वापत हुने जम्मा खर्च ठेक्काको ८०% भुक्तानी, प्रतितपत्रमा लागेको शूल्क, भन्सार शूल्कसमेत गरी जम्मा खर्च रू.७,३१,८२,९८५।९९ भएको देखिन्छ भने उक्त खरिदको लागि हिमालयन मेडिटेकले कबोल गरेको मुल्य रू.७,२५,२४,०३०।— रहेको देखिएबाट प्रतिवादीहरूको वदनियत पूर्ण कार्यबाट प्रतिष्ठानलाई थप आर्थिक भार रू.६,५८,९५५।९९ परेको देखिएको,

त्यसैगरी, प्राविधिक स्पेसिफिकेसनको बुँदा नं. २.६.५ मा Latest iterative reconstruction technique to reduce noise and reduce radiation dose should be quoted as standard. The image reconstruction rate should be at least 60 images/sec. Latest iterative reconstruction technique like SAFFIRE, ASIR V, ADIR 3D. हुनुपर्ने भनी उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को Catalog मा 40 images/sec उल्लेख भएको, प्राविधिक स्पेसिफिकेसनको बुँदा नं. ३.४.२ मा Peak heat dissipation rate of anode should be equal to or more than 1300KHU/min हुनुपर्ने भनी उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को Catalog मा 931KHU/min भएको, यसैगरी प्राविधिक स्पेसिफिकेसनको बुँदा नं. ३.६.६. मा Image Processor: Operating System shall be windows based. The image reconstruction time should be at least 60images/second or better for all types of acquisition modes including studies and 512 matrix and standard pitch हुनुपर्ने भनी उल्लेख भएकोमा हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को Catalog मा 40 images/sec उल्लेख भएको स्पष्ट देखदा देख्दै रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेडियोलोजी

विभागका प्रमुख डा. बोम वि.सी., बायोमेडिकल इन्जिनियर शरद भण्डारी र Consultant बायोमेडिकल इन्जिनियर अमित कुमार चौधरीसमेतले प्राविधिक स्पेसिफिकेशन बमोजिम भएको भनी प्राविधिक परीक्षण प्रतिवेदन (Technical Verification Report) पेस गरेको र सोही आधारमा Certificate of Acceptance जारी भएको साथै हिमालयन मेडिटेक प्रा.लि.ले पेस गरेको Neusoft को Neuviz 128 CT Scan Machine को US-FDA पनि recall को अवस्थामा रहेको देखिएको, यसरी राष्ट्रसेवक प्रतिवादीहरूले अन्य प्रतिवादीहरू सँगको मिलेमतो तथा योजनामा हिमालयन मेडिटेक प्रा.लि.ले आपूर्ति गरेको Neuviz 128 CT Scan Machine **निर्धारित शर्त तथा मापदण्ड बमोजिम रहेको नदेखिएको अवस्थामा** समेत स्पेसिफिकेशन बमोजिम भएको भनी दुरासायपूर्ण तवरमा तथ्यहरूको विश्लेषण गरी हुँदै नभएको विशेषता भएको भनी गलत प्राविधिक परीक्षण प्रतिवेदन (Technical Verification Report) दिए दिन लगाएको देखिएको, प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रतिकूल हुने गरी बदनियत राखी CT Scan Machine खरिदको आवश्यकताको पुष्ट्याई एंव खरिद गुरूयोजना बिना प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरी स्वीकृत गरी गराई साविकमा तयार भएको प्राविधिक स्पेसिफिकेशनमा संशोधन गरी गराई सो संशोधित प्राविधिक स्पेसिफिकेशन बमोजिम लागत अनुमानमा परिवर्तन नगरी नगराई राष्ट्रियस्तरको बोलपत्र (NCB) खरिद प्रक्रियामा अन्तराष्ट्रियस्तरको बोलपत्र (ICB) का प्रावधान राखी राख्न लगाई प्रतितपत्र (Letter of Credit) राष्ट्रसेवक प्रतिवादीहरू आफैले खोली खोल्न लगाई राज्य कोषबाट सो वापतको खर्च भुक्तानी दिई दिन लगाई अमेरिकी डलरमा भुक्तानी दिने गरी सम्झौता गरी गराई ठेक्का प्राप्त गर्ने कम्पनीले गुणस्तरहिन तथा शर्त तथा मापदण्ड विपरीतको CT Scan Machine आपूर्ति गर्दा समेत गुणस्तरीय, शर्त तथा मापदण्ड बमोजिमको सामाग्री रहेको भनी गलत प्राविधिक परीक्षण प्रतिवेदन (Technical Verification Report) तयार गरी गराई झुटा बिल भरपाई समेतको आधारमा रू.७,३१,८२,९८५।९९ (सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा) भुक्तानी समेत गरे गराएको देखिँदा निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ञ) समेतको कसूरजन्य कार्य भएको हुँदा निजहरुलाई देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकूलपति प्रा.डा. **संगिता सिंह भण्डारी** | रू.७,३१,८२,९८५।९९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ञ) बमोजिमको कसूरमा बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुलउपर हुन साथै निज राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकूलपति पदमा रही भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ बमोजिमको माथि विवेचना गरे बमोजिमको कसूरजन्य कार्य गरेको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेतको मागदाबी लिइएको छ। |
| २. | राप्ती स्वास्थ्य विज्ञान | **जनही** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा |

| | | | |
|---|---|---|---|
| | प्रतिष्ठानका तत्कालीन का.मु. रजिष्ट्रार तथा डेपुटी फाईनान्स म्यानेजर **कैलाश प्रसाद देव र** तत्कालीन निर्देशक **डा. सागर पन्थी** | रू.७,३१,८२,९८५।९९ | (१) को देहाय (क), (ग), (ङ) र (ज) बमोजिमको बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |
| ३. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको रेडियोलोजी विभागका प्रमुख **डा. बोम वि.सी.**, तत्कालीन बोयोमेडिकल इन्जिनियरद्वय **शरद भण्डारी** र **आषुतोश भण्डारी** | **जनही** रू.७,३१,८२,९८५।९९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ज) बमोजिमको कसूरमा बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुलउपर हुन साथै गलत प्राविधिक परीक्षण प्रतिवेदन (Technical Verification Report) तयार गरे गराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ४. | त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगंज, काठमाडौंका बायोमेडिकल इन्जिनियर **अमित कुमार चौधरी** | रू.७,३१,८२,९८५।९९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ज) बमोजिमको कसूरमा बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुलउपर हुन साथै गलत प्राविधिक परीक्षण प्रतिवेदन (Technical Verification Report) तयार गरे गराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ५. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन शाखा अधिकृत **झन्कार लामिछाने, लिलाकुमारी देवकोटा र मेघ बहादुर अधिकारी,** तत्कालीन लेक्चरर डा. **श्रीसिया पोखेल,** तत्कालीन आई.टी. अफिसर **हिरालाल भण्डारी,** | **जनही** रू.७,३१,८२,९८५.९९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ज) बमोजिमको कसूरमा बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| | तत्कालीन लेखा अधिकृत **राजीब बस्नेत**, तत्कालीन फिजियोथेरापिष्ट **पूजा ठाकुर**, तत्कालीन कम्प्युटर असिस्टेन्ट **सतिश बहादुर शाही**, तत्कालीन फार्मेशी सुपरभाईजर **कृष्ण प्रसाद जोशी** र तत्कालीन स्टाफ नर्स **विन्दु पौडेल** | | |
| ६. | **हिमालयन मेडिटेक प्रा.लि.** तथा उक्त कम्पनीका मुख्य भई कार्य गर्ने **अमर श्रेष्ठ** र **सन्जु राजकर्णिकार** | रू.७,३१,८२,९८५।९९ | मुख्य कसूरदारहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ञ) बमोजिम गरेको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मूख्य कसूरदारलाई बिगो रू. सात करोड एकतीस लाख बयासी हजार नौ सय पचासी रूपैयाँ उनान्सय पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरजन्य कार्यमा मुख्य कसुरदारलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने

# फ्लोचार्ट

| | |
|---|---|
| मिति उल्लेख नभएको | 128 Slice CT Scan Machine को प्राविधिक स्पेसिफिकेशन तयार गरी गराई उपकूलपति प्रा.डा. संगिता सिंह भण्डारीले उक्त प्राविधिक स्पेसिफिकेशन स्वीकृत गरेको। |
| २०७६।०८।२३ (Dec 9, 2019) | • 128 Slice CT Scan Machine को दरभाउ पेश गर्न Global Meditech Int'l Pvt.Ltd., RB Merchant र Hospitech Interprises लाई पत्राचार भएको। |
| २०७६।०९।०१ (Dec 17, 2019) | • प्रतिष्ठानको लागि आवश्यक पर्ने CT-Scan उपकरण खरिद गर्नुपर्ने भएको कारण विभिन्न आपूर्तिकर्तासँग कोटेशन माग गरी सोही कोटेशन अनुसार रु. ९,२२,६९,१३९।१७ (अक्षरेपि नौ करोड बाइस लाख उनन्सत्तरी हजार एक सय उनन्चालिस रुपैया सत्र पैसा) लागत अनुमान स्वीकृत गरी नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउन स्वीकृतिको लागि प्रतिष्ठानमा पेश गर्ने भन्नेसमेत व्यहोराको निर्णय भएको।<br>• उक्त लागत अनुमानलाई उपकूलपति प्रा.डा. संगिता सिंह भण्डारीले स्वीकृत गरेको। |
| २०७६।१०।२८ (February 11, 2020) | • गोरखापत्रमा IFB No: RAHS/NCB/HE/07/076/077 बाट Supply, Delivery and Installation of CT Scan Machine को लागि राष्ट्रियस्तरको बोलपत्र आह्वान भएको।<br>• उक्त सूचनामा बोलपत्र भर्ने मिति २०७६।१०।२८ देखि मिति २०७६।११।२९ गतेसम्म (February 11, 2020 to March 12, 2020) तोकिदिएको र बोलपत्र खोल्नुपूर्वको बैठक मिति २०७६।११।१९ (March 02, 2020) गते रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ्गमा हुने व्यहोरा खुलाएको।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को देहाय (ख) को प्रतिकूल हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रकाशन गरेको नमूना बोलपत्र सम्बन्धी कागजातहरुमा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको लागि समावेश गर्नुपर्ने समेतका कागजातहरु प्रयोग प्रचलनमा ल्याएको। |
| २०७७।०३।१० (June 24, 2020) | • लक्ष्मी बैंक लिमिटेडमा Beneficiary: Neusoft Medical Systems Co. Ltd., रकम USD 6,13,000.00 को LC No. 097LCNI20060003 को प्रतितपत्र खोलेको। |
| २०७७।०६।०८ (Sep 24, 2020) | • ८०% रकम अर्थात यु.एस.डी. ४,९०,४००।- (विनियम दर रु. ११८ को दरले हुन आउने नेपाली रुपैयाँ रु. ५,७८,६७,२००।००) भुक्तानी भएको। |
| २०७७।०६।२९ (October 15, 2020) | • भन्सार प्रज्ञापन पत्र नं. M17766 अनुसार Neusoft Medical Systems Co. Ltd., China बाट NeuViz 128 Slice CT Scan Machine को भन्सार महसुल बाहेकको मूल्य रु. ७,२०,८२,६७०।०० (अक्षरेपि सात करोड बिस लाख बयासी हजार छ सय सत्तरी रुपैया) कायम गरी १% का दरले भन्सार महशुल रु. ७,२०,८२७।— (अक्षरेपि सात लाख बिस हजार आठ सय सत्ताईस) दाखिला गरेको। |
| २०७७।०९।२३ (January 7, 2021) | • सम्झौता विपरीत Acceptance Certificate जारी नहुँदै बाँकी रहेको २०% रकम (यु.एस.डी. १,२२,६००।—) विनियम दर रु.११७.६०का दरले हुन आउने नेपाली रुपैंया रु. १,४४,१७,७६०।०० भुक्तानी भएको। |
| २०७८।०१।०७ (April 20, 2021) | • हिमालयन मेडिटेक प्रा.लि.ले आपूर्ति गरेको Neuviz 128 CT Scan Machine निर्धारित शर्त तथा मापदण्ड बमोजिम नभएको अवस्थामा समेत स्पेसिफिकेशन बमोजिम भएको भनी दुरासायपूर्ण तवरमा तथ्यहरुको भ्रमपूर्ण विश्लेशण गरी हुँदै नभएको विशेषता भएको भनी गलत प्राविधिक परिक्षण प्रतिवेदन (Technical Verification Report) दिएको। |

**२०७६। ११।१९ (March 02, 2020)**

- रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. संगिता सिंह भण्डारीको अध्यक्षतामा बसेको बोलपत्र खोल्नु पूर्वको बैठकबाट RB Merchant, United Scientific & Surgical House Pvt.Ltd., Max Meditech System Pvt.Ltd. र Himalayan MediTech Pvt.Ltd. बाट लिखितरुपमा संशोधन प्रस्ताव पेश गरेको, उपरोक्त प्रस्ताव प्राविधिक विशेषज्ञहरुसँग छलफल गरी खरिद कार्य अगाडि बढाउने भन्नेसमेत व्यहोराको निर्णय भएको।
- रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानका का.मु.रजिष्ट्रार कैलाश प्रसाद देवको संयोजकत्वमा बसेको बोलपत्र खोल्नु पूर्वको बैठकबाट सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ५२ को प्रतिकूल हुने गरी बदनियत राखी सरोकारवाला बोलपत्रदाताहरुसमेतको उपस्थिति बिना माथि तालिका नं. २ मा देखाईए बमोजिमको संसोधन गर्ने र आपूर्तिकर्ताद्वारा इलेक्ट्रोनिक बोलपत्र पेश गर्दा सार्वजनिक अनुगमन कार्यालयको वेभसाईट https://bolpatra.gov.np/egp/ मा प्रति ईकाई दररेट- Carrier and Insurance Paid To (CIP) Price अपलोड गर्न नमिल्ने हुँदा सम्बन्धीत आपूर्तिकर्तालाई आफ्नो कम्पनी हेडमा छुट्टै (CIP) Price Schedule बनाई उपरोक्त वेभसाइटमा अपलोड गर्न अनुरोध गर्ने भन्नेसमेत व्यहोराको निर्णय भएको।
- प्राविधिक स्पेसिफिकेशनमा संशोधन गरेपश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. बमोजिम लागत अनुमानमा संशोधन नभएको।

↓

**२०७६।१२।०३ (16 March, 2020)**

- Bid Opening Record बाट RB Merchant Pvt.Ltd., Global Meditech International Pvt.Ltd., Himalayan Meditech Pvt.Ltd., East West Concern Pvt.Ltd. र Capital Enterprises ले बोलपत्रमा भाग लिएको देखिएको।

↓

**२०७६। १२।१० (22 March, 2020)**

- प्राविधिक मूल्याङ्कन गरी ७ दिन भित्र मूल्याङ्कन समितिमा मूल्याङ्कन प्रतिवेदन पेश गर्न बायोमेडिकल ईन्जिनियर शरद भण्डारीलाई पत्राचार भएको।

↓

**२०७६।१२।३० (April 12, 2020)**

- प्राविधिक रुपमा सफल हुन नसक्ने हिमालयन मेडिटेक प्रा.लि.लाई मूल्याङ्कनको क्रममा Not Comply भएको बुँदाहरुसमेत Comply उल्लेख गरी गराई Qualified गरी गराई प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरेको।
- प्राविधिक मूल्याङ्कन गरी ७ दिन भित्र मूल्याङ्कन प्रतिवेदन पेश गर्न मूल्याङ्कन समितिका संयोजक डा. श्रीसिया पोखेलले मिति २०७६।१२।१० गते पत्राचार गरेकोमा अनावश्यक विलम्ब गरी प्राविधिक प्रतिवेदन पेश गरेको र के कति कारणले विलम्ब भएको भन्ने व्यहोरासमेत कुनै कागजातबाट खुलेको नदेखिएको।
- हिमालयन मेडिटेक प्रा.लि.ले बोलपत्रको कागजातसाथ पेश गरेको Catalog मा तोकिएको प्राविधिक स्पेसिफिकेशन बमोजिम नभएको स्पष्ट देखिँदासमेत उक्त प्रा.लि.सँग प्राविधिक रुपमा सम्भव नै नहुने विषयमा Upgrade Notice माग गरी गराई गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन (Technical Evaluation Report) पेश गरेको।

↑

**२०७७ ।०१। ०४ (April 16, 2020)**

- हिमालयन मेडिटेक प्रा.लि.को कबोल रकम रु ७,२५,२४,०३०।- (अक्षेरपि सात करोड पच्चीस लाख चौबीस हजार तिस रुपैया) न्यूनतम हुन आएकोले उक्त बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन र वित्तिय मूल्याङ्कनको प्रतिवेदन बैठक निर्णयमा समावेश गरी आवश्यक खरिद प्रक्रियाको लागि खरिद समितिमा पेश गर्ने निर्णय भएको

↑

**२०७७। ०१।०८ (April 20, 2020)**

- राष्ट्रियस्तरको बोलपत्र आह्वान गरेकोमा गोरखापत्रमा हिमालयन मेडिटेक प्रा.लि.लाई अमेरिकी डलर ६,१३,०००।- मा छनौट गरिएको सूचना प्रकाशन भएको।

↑

**२०७७ ।०१। १० (April 22, 2020)**

- कार्यकारी परिषद्को बैठकबाट हिमालयन मेडिटेक प्रा.लि. सारभूत रुपमा प्रभावग्राही रहेको भन्ने खरिद मूल्याङ्कन समितिको प्रतिवेदन अनुसार CT Scan मेसिन उपकरणका लागि खरिद प्रकिया अगाडि बढाईएकोलाई अनुमोदन गरेको।

↑

**२०७७ ।०१। २८ (May 10, 2020)**

- प्रथम पक्ष रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान र दोश्रो पक्ष हिमालयन मेडिटेक प्रा.लि. विच सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३ख) विपरीत हुने गरी राष्ट्रियस्तरको बोलपत्र (NCB) मा आपूर्तिकर्ता हिमालयन मेडिटेक प्रा.लि.ले बोलपत्रमा कबोल गरेको अमेरिकी डलरमा नै सम्झौता भएको।

↑

**२०७७ ।०३। ०५ (June 19, 2020)**

- राष्ट्रियस्तरको बोलपत्र खरिद प्रक्रियामा उत्पादक कम्पनी Neusoft Medical Systems ले जारी गरेको Proforma-Invoice को आधारमा उक्त उत्पादक कम्पनी Neusoft Medical Systems को नाममा प्रतितपत्र (Letter Of Credit) खोल्ने निर्णय भएको।